## निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८२/०८३ को बार्षिक कार्ययोजना कार्यान्वयन  र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला खेलकुद विकास समितिको आयोजना तथा शैलुङ गाउँपालिकाको व्यवस्थापनमा मिति २०८३ बैशाख ५ गते देखि ७ गते सम्म हुने १२ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा आवश्यक पर्ने तपसिल बमोजिमको देहाय अनुमान अनुसारको खर्च लाग्ने र सामग्री खरिदको लागि तपसिल बमोजिमको समिति बनाई खरिद गर्ने ।

तपसिल

| १२ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड  प्रतियोगिता २०८२ अनुमानित लागत विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पसलको नाम | दिन | दर | सख्या | जम्मा |
| १ | खाना खाजा | ४.०० | ५००.०० | १००.०० | २,००,०००.०० |
| २ | रेफ्री भत्ता | ५.०० | ३,०००.०० | १२.०० | १,८०,०००.०० |
| ३ | रेफ्री यातयात | १.०० | २,५००.०० | १२.०० | ३०,०००.०० |
| ४ | रेफ्री ट्रयाक प्रिन्ट | १.०० | २,५००.०० | १२.०० | ३०,०००.०० |
| ५ | खेलकुद सामाग्री भलिबल | १.०० | ३,५००.०० | ५.०० | १७,५००.०० |
| ६ | ज्याभलिङ | १.०० | २,५००.०० | २.०० | ५,०००.०० |
| ७ | हाइजम्प पाइप | २.०० | १,९००.०० | १.०० | ३,८००.०० |
| ८ | नेट | १.०० | ६,०००.०० | १.०० | ६,०००.०० |
| ९ | मेडल | १.०० | १५०.०० | २७०.०० | ४०,५००.०० |
| १० | सिल्ड सेट ठुलो | १.०० | ९,०००.०० | ६.०० | ५४,०००.०० |
| ११ | सिल्ड सेट | १.०० | १५,०००.०० | १.०० | १५,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | ट्रफी | १.०० | ५५०.०० | २४.०० | १३,२००.०० |
| १३ | खादा | २.०० | ७०.०० | २००.०० | २८,०००.०० |
| १४ | ब्याज( अतिथी र आयोजक) | २.०० | ८०.०० | ५०.०० | ८,०००.०० |
| १५ | तोरण वेलुन | ६.०० | ७५०.०० | २.०० | ९,०००.०० |
| १६ | राष्ट्रिय झण्डा | १.०० | १२०.०० | १००.०० | १२,०००.०० |
| १७ | व्यानर | १.०० | ३५.०० | १,२००.०० | ४२,०००.०० |
| १८ | विप नं. खेलाडीको लागि | ९.०० | १,०००.०० | १.०० | ९,०००.०० |
| १९ | मेडिकल सामाग्री | १.०० | १५,०००.०० | १.०० | १५,०००.०० |
| २० | पानी | ७०.०० | १५०.०० | १.०० | १०,५००.०० |
| २१ | रेफ्रि खाना बस्न | ४.०० | १,०००.०० | १२.०० | ४८,०००.०० |
| २२ | पुरस्कार(जिल्ला स्तरीय) | १.०० | ७५,०००.०० | १.०० | ७५,०००.०० |
| २३ | ( विविध सामान, चुना,काटी ,डोरी ) | १.०० | २०,०००.०० | १.०० | २०,०००.०० |
| २४ | इलेक्टिक र धारा सामान | १.०० | १०,०००.०० | १.०० | १०,०००.०० |
| २५ | गाडी भाडा (बालुवा) | १.०० | २०,०००.०० | १.०० | २०,०००.०० |
| २६ | रातो सेतो पहेलो कपडा | १.०० | ५,०००.०० | १.०० | ५,०००.०० |
| २७ | ज्याला (स्वयमसेवक) | ५.०० | १,०००.०० | १०.०० | ५०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | विविध खर्च | १.०० | २०,०००.०० | १.०० | २०,०००.०० |
| २९ | खाना खर्च | ५०.०० | ५.०० | ६००.०० | १,५०,०००.०० |
| ३० | ट्र्याकसेट | ५०.०० | १.०० | २,१५०.०० | १,०७,५००.०० |
| ३१ | जर्सी | ४६.०० | १.०० | १,०२०.०० | ४६,९२०.०० |
| ३२ | मोजा र निक्याप | ४६.०० | १.०० | ४००.०० | १८,४००.०० |
| ३३ | विविध खर्च | ४६.०० | ५.०० | १००.०० | २३,०००.०० |
| ३४ | तयारी खर्च | ४६.०० | ७.०० | ३००.०० | ९६,६००.०० |
| | जम्मा | | २,१६,३०५.०० | २,०२९.०० | १४,१८,९२०.०० |

खरिद समिति

संयोजक श्री सुजन खड्का

सदस्य श्री दिल कुमार तामाङ

सदस्य श्री बन्दना पाख्रिन

सदस्य श्री सन्तोष दाहाल

सदस्य श्री चिना तामाङ

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शैलुङ हिलटन आधारभूत विद्यालय , शैलुङ-८ , मनगाउँ दोलखाले मिति २०८२ फाल्गुण २६ गते गाउँपालिकामा दिएको कक्षा ९,१० थप सम्बन्धी निवेदनका सन्दर्भमा शैलुङ गाउँपालिका शिक्षा ऐन २०७४ को दफा ८ को उपदफा २ बमोजिम शिक्षा समितिको बैठकबाट जाँचबुझ ( स्थलगत अनुगमन) समिति गठन गरी सो समितिले विद्यालयमा कक्षा ९,१० थप गर्न मनासिब देखिने व्यहोराको प्रतिवेदन पेश गरेको हुनाले सोहि दफाको उपदफा ४ बमोजिम शैक्षिक वर्ष २०८३ बाट कक्षा ९ तथा शैक्षिक वर्ष २०८४ बाट कक्षा १० सञ्चालन गर्नका लागि गाउँपालिकालाई हाल साविकको भन्दा बढि आर्थिक भार नपर्ने गरी स्वीकृत दिने ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा दोस्रो चौमासिक अवधिमा सम्पादन भएका कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम तेस्रो पक्ष मार्फत मिति २०८३ साल बैशाख १४ गते शैलुङ गाउँपालिका वडा नं. ५ को कार्यालय प्राङ्गणमा गर्ने ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको तपसिल बमोजिमको प्रतिवेदन अनुमोदन गर्ने ।

तपसिल

**गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन**

२४ चैत्र, २०८२

यस शैलुङ गाउँपालिकाको आ.ब. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्झौता भै कार्यान्वयन भएका आयोजनाहरुको गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्की संयोजक रहनु भएको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले विभिन्न मितिमा स्थलगत अनुगमन गरी सो का आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

**अनुगमन गरिएका आयोजनाहरुः**

२०८२ माघ २० गते

| क्र सं | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | धुङ धुङ छाङा आलाङनावा खानेपानी आयोजना | शैलुङ १ | |
| २ | बेथिएल एजी एफ एन चर्च | शैलुङ १ | |
| ३ | नमूना ढुङ्गेधारा तथा सिढी निर्माण | शैलुङ १ | |
| ४ | मगर समाज सामुदायिक भवन भान्साघर निर्माण | शैलुङ १ | |
| ५ | ठेलाखोला सडक | शैलुङ १ | |
| ६ | पाङ्गीखोला फलामे पुल निर्माण | शैलुङ २ | |
| ७ | मालिघ्याङ महिला सामुदायिक भवन | शैलुङ २ | |
| ८ | मालिघ्याङ खोल्सो बाढी नियन्त्रण | शैलुङ २ | |
| ९ | मिलनचोक देखी लागभाल गोरेटो बाटो | शैलुङ २ | |
| १० | सांचेत सामुदायिक भवन अधुरो निर्माण | शैलुङ २ | |
| ११ | नरसुत खोला फलामे पुल निर्माण | शैलुङ २ | |
| १२ | टाकुरा देवीस्थान घेराबार | शैलुङ २ | |

२०८२ माघ २२ गते

| क्र सं | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | लाकुरी भालुस्वारा सडक | शैलुङ ८ | |
| २ | भैंसे पैति अधेरीखोला सडक | शैलुङ ८ | |
| ३ | सडक सरसफाई मर्मत | शैलुङ ८ | |
| ४ | फिरफिरे पैति सडक | शैलुङ ८ | |
| ५ | हरिसिद्धि कुभिण्डे सडक | शैलुङ ८ | |
| ६ | भैंसे फलाटे सडक | शैलुङ ८ | |
| ७ | भीरखर्क ढाडे सिंचाई योजना | शैलुङ ८ | |

२०८२ फागुन ०३ गते

| क्र सं | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जिरोकिलो गोठपानी वडा कार्यालय सडक | शैलुङ ६ | |
| २ | टाहारटोल खानेपानी मुहान संरक्षण तथा ढुङ्गेधारा निर्माण | शैलुङ ६ | |
| ३ | हुलाके खकाले सडक | शैलुङ ६ | |
| ४ | घलेगाउँ मोड भित्रि सडक | शैलुङ ७ | |
| ५ | अधिकारीटोल खानेपानी योजना | शैलुङ ७ | |
| ६ | शैलुङ चिनारी सडक | शैलुङ ७ | |
| ७ | हुलाकेडाँडा थामीगाउँ सडक | शैलुङ ७ | |
| ८ | पाल्चेत वडा कार्यालय सडक | शैलुङ ७ | |
| ९ | मानेडाँडा वडा कार्यालय सडक | शैलुङ ७ | |

२०८२ फागुन ०५ गते

| क्र सं | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | रातोमाटे छिपछिपे सडक | शैलुङ ५ | |
| २ | लामाटोल छहरे सडक | शैलुङ ५ | |
| ३ | जिरोकिलो छहरे सडक | शैलुङ ५ | |
| ४ | देवीस्थान वडा कार्यालय सिंचाई | शैलुङ ५ | |
| ५ | देउराली कान्ले सिंचाई आयोजना | शैलुङ ५ | |
| ६ | झगडेडाँडा फोक्टे नाग्रेलीटोल सिढी निर्माण | शैलुङ ३ | |

२०८२ फागुन २८ गते

| क्र सं | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | शैलुङ आधारभूत स्वास्थ्य केन्द्र शैलुङ अस्पताल | शैलुङ ३ | |
| २ | जोगीडाँडा सेरा सडक | शैलुङ ४ | |
| ३ | वडा कार्यालय भवन निर्माण | शैलुङ ४ | |
| ४ | सेतीदेवीथान निर्माण | शैलुङ ३ | |
| ५ | वालसाप्रा टोल खानेपानी योजना | शैलुङ ३ | |

२०८२ चैत्र ०९ गते

| क्र सं | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | नुनथला सानोझाप सडक | शैलुङ ८ | |
| २ | विशान घलिडाँडा सडक | शैलुङ ८ | |
| ३ | ओखलढुङ्गा सडक | शैलुङ ८ | |
| ४ | शैलुङ्गेश्वर आवि पाडेखानी भौतिक व्यवस्थापन | शैलुङ ८ | |
| ५ | दाङ पैती सडक | शैलुङ ८ | |
| ६ | भैंसे फलाटे सडक | शैलुङ ८ | |
| ७ | कात्तिके कोलगैरा खानेपानी | शैलुङ ८ | |
| ८ | पैति फिरफिरे सडक | शैलुङ ८ | |
| ९ | भिरखर्क ढाडे सिंचाई योजना | शैलुङ ८ | |

२०८२ चैत्र १२ गते

| क्र सं | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | काँडे पोखरी निर्माण | शैलुङ ३ | |
| २ | फलाटे घट्टेखोला नयाँ ट्र्याक | शैलुङ १ | |
| ३ | गंगा जमुना सडक सोलिङ | शैलुङ १ | |
| ४ | साङ्गेलुङ गुम्बा मर्मत | शैलुङ १ | |

२०८२ चैत्र २३ गते

| क्र सं | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | शैलुङ चिनारी सडक | शैलुङ ७ | |
| २ | भद्रेश्वर सागुते बेंसी जाने बाटो | शैलुङ ७ | |
| ३ | भोर्ताले सडक | शैलुङ ७ | |

| | | | |
|---|---|---|---|
| ४ | आहालबारी गोरेटो बाटो मर्मत सुधार | शैलुङ ७ | |
| ५ | मानेडाँडा पैती सडक | शैलुङ ७ | |
| ६ | मुल्मीटोल सडक | शैलुङ ७ | |
| ७ | दार्खा हेल्थपोष्ट सडक | शैलुङ ७ | |
| ८ | कालिका मावि व्यवस्थापन तथा सिढी निर्माण | शैलुङ ७ | |
| ९ | फड्के पुल निर्माण | शैलुङ ६ | |
| १० | गोठपानी जोम्सा डाँडाखर्क सडक | शैलुङ ६ | |
| ११ | जिरोकिलो गोठपानी वडा कार्यालय सडक | शैलुङ ६ | |
| १२ | भित्रे पानीकुवा सडक | शैलुङ ६ | |

**देखिएको स्थलगत अवस्थाः**

वडा नं १ को धुङधुङ छागा खानेपानी योजनाको पाईप खरिद भएको तर पाईप लाईन खनी पुर्ने कार्य नभएको अवस्था देखिएकोले उक्त पाइपलाई पाइपलाईन खनी विछयाउन सुझाव दिइएको । टाहारटोल खानेपानी मुहान संरक्षण तथा ढुङ्गेधारा निर्माणको कार्य राम्रो रहेको मुहान संरक्षण र कलात्मक ढुङ्गेधारा राख्ने कार्य भएकोले यस प्रकारको काम नमूनाको रुपमा लिन सकिने देखियो । भोर्ताले सडक शैलुङ ७ को सोलिङ कार्य प्रभावकारी देखिएन । यस सँगै सडक सोलिङ कार्यमा अझैपनि ढुङ्गाहरु मजबुत नगर्ने चुकुल ठोक्ने कार्य प्रभावकारी नहुने सोलिङ पश्चात साईड क्लियर गर्ने कार्य प्रभावकारी नहुने लागयतका समस्या धेरै ठाउँमा देखिएकोले सम्बद्ध पक्ष तथा उपभोक्ता समितिलाई सुधार गर्न प्राविधिक रुपले सल्लाह र सुझाव दिइएको । त्यस बाहेक फड्केपुल निर्माण खानेपानी ट्याङ्की निर्माण लागयतका निर्माण कार्यमा निरन्तर प्राविधिक सल्लाह सुझाव आवश्यक पर्ने हुन्छ तर सो कार्य नियमित र निरन्तर नहुँदा कतिपय आयोजनामा प्राविधिक रुपले हुनुपर्ने काममा केहीमात्रामा फरक पर्ने गरेको समेत देखिनुका साथै फिनिसिङ नदेखिएको अवस्था भएकोले सो समेत सुधार गर्न सम्बन्धित जिम्मेवार पक्षलाई स्थलगत रुपमा नै सुझाव दिइएको छ । त्यसैगरी अधिकांश योजनामा राखिएका आयोजना सूचनापाटीलाई समेत प्रभावकारी बनाउन थप ध्यान दिनुपर्ने देखिएको छ । यस बाहेक अन्य अवस्था सन्तोषजनक र प्रभावकारी नै रहेको देखिन्छ ।

**निष्कर्षः**

गाउँपालिका स्तरीय अनुगमन समितिको टोली तथा स्थानीय लाभग्राही समेतको सहभागितामा यस अवधिमा अनुगमन गरिएका आयोजनाको अवस्था समग्रमा विश्लेषण गर्दा सन्तोषजनक देखिएको छ । स्थानीय समुदायले अपनत्व लिनेगरी आयोजना जिम्मा लिने र मर्मत सम्भार लगायत नियमित सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिनेगरी संस्थागत विकास गर्न सकिएमा र वडा स्तरीय अनुगमन समितिको सक्रियता समेत थप बढाउन सकिएमा उपयुक्त हुने देखिएको छ । समग्रमा यस अवधिको अनुगमनबाट सन्तुष्ट हुने अवस्था भने देख्न सकिन्छ । यस पटकको अनुगमनमा गाउँपालिका

अध्यक्षज्यूको समेत स्थलगत रुपमा नै सहभागिता रहेकोले सुपरिवेक्षण तथा अनुगमन समितिलाई थप उर्जा समेत प्राप्त भएको छ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको भिलेज प्रोफाइल निर्माणको लागि गाउँपालिकाबाट तयार गरिएको TOR(Term of Reference) स्वीकृत गरी २०८३ असोज मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागमति प्रदेश सरकारबाट शसर्त अनुदान तर्फ आ.व. २०८२/०८३ को लागि स्वीकृत कार्यक्रम "सहकारीसँग साझेदारीमा कृषि एम्बुलेन्स खरिद, शैलुङ गा पा ४ दोलखा" कार्यान्वयनको लागि ४ नं. वडा भित्रका सहकारीहरुको लागि प्रस्ताव आह्वान गरिएकोमा निर्धारित समयभित्र कुनै सहकारी मार्फत प्रस्ताव पेश नभएको हुँदा सो कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिका भित्र कार्य क्षेत्र भएका सहकारीहरुबाट प्रस्ताव माग गर्ने ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गर्ने ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा 'घ' वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ बमोजिम गठित सार्वजनिक निर्माण व्यवस्थापन समितिको मिति २०८२ साल फागुन २८ गतेको सिफारिस अनुसार " आर.के.डि. मल्टिपर्पोज कम्पनी, शैलुङ-४ लाई 'घ' वर्गको इजाजत पत्र प्रदान गर्ने ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा स्थानीय शासन कार्यसम्पादन मुल्याँकन ( LGPAS) को पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पेश गरिएको हुँदा जिल्ला समन्वय समितिबाट पृष्ठपोषण प्राप्त भएपछी छलफल गर्ने ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय(नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा), सिंहदरबार, काठमाण्डौंको च.नं. २४६, मिति २०८२/१२/०९ को पत्रानुसार सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागी यस गाउँपालिकाको तर्फबाट सो कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि सहकार्य तथा आवश्यक लागत साझेदारीमा सहभागी हुने ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको महत्वपुर्ण पर्यटकिय स्थल शैलुङ प्रवेशद्वार शैलुङ मिनी ग्रेटवालमा स्थगित टिकट प्रणाली सुत्र मोडुलको लागि आवश्यक प्रवन्ध मिलाई पुनः सुचारु गर्ने,

क) पर्यटन विकास आयोजना बागमति प्रदेशको च.नं. १७५, मिति २०८२/०८/०२ को पत्रानुसार उक्त आयोजना द्वारा निर्माण गरिएको शैलुङ गोलघर पर्यटन पूर्वाधार हस्तान्तरण कार्यविधि, २०८१ बमोजिम सञ्चालन व्यवस्थापन तथा उपयोगको लागि यस गाउँपालिकालाई हस्तान्तरण भई आएको र उक्त संरचनाबाट प्राप्त आम्दानी अर्धवार्षिक रुपमा गाउँपालिकालाई आम्दानिको ७० % र ३० % प्रदेश सरकारलाई बाँडफाँड गर्ने गरी मिति २०८२/०८/०२ गते द्विईपक्षिय सम्झौता गरिएकोमा उक्त गोलघर निर्माण सम्पन्न एवं गाउँपालिकालाई हस्तान्तरण हुनु पूर्व नै गाउँपालिकाको मिति २०७८/०७/१० गते कालापानीको गोलघर ठेक्कामा दिने सम्बन्धी ३० दिने सूचनामा बोलपत्र जमानत(Bid security)को प्रावधान नै नराखि न्युनतम मासिक रू ५०,०००/- (पचास हजार मात्र) कायम गरी प्रकाशन गरिएको र सो सूचनामा आधारित रहि श्री प्रकाश उप्रेतिले रू ६०,१००/-(साठ्ठि हजार एक सय), नोर्वु मोक्तानले रू ५२,०००/-(वाउन्न हजार मात्र) र तत्कालिन वडा अध्यक्ष

श्री ध्रुव कुमार श्रेष्ठले रू ५१,०००/-(एकाउन्न हजार मात्र) कवोल गरी बोलपत्र पेश गरिएको र उक्त प्रस्ताव माथि प्रचलित कानून बमोजिम मूल्यांकन समितिबाट मुल्यांकन नगरी कबोल गरेका मध्ये सबै भन्दा कम कबोल गर्ने श्री ध्रुव कुमार श्रेष्ठ सँग तत्कालिन पालिका अध्यक्ष श्री भरत प्रसाद दुलालले मिति २०७८/०८/३० मा २०७९ असोज देखि लागु हुने गरी आय ठेक्का सम्झौता गरिएको देखिएको हुँदा उक्त प्रावधान प्रचलित आर्थिक ऐन तथा नियमावली बमोजिम सारभुत रुपमा प्रभावकारी नदेखिएको हुँदा निज ध्रुव कुमार श्रेष्ठ सँग गरिएको सम्झौता रद्द गरी निजले गाउँपालिकाको धरौटी खातामा राखिएको ६ महिनाको धरौटी रकम फिर्ता गर्न पैतिस दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र पर्यटन विकास आयोजना सँग भएको सम्झौता बमोजिम आए ठेक्का आह्वान गर्ने

ख) शैलुङ गाउँपालिका र वडा नं. ८ बस्ने चन्द्रलाल श्रेष्ठको बुहारी लाल बहादुर श्रेष्ठको पत्नि नागरिकता प्रमाणपत्र नं. ४३१३ वर्ष ५२ को मान कुमारी श्रेष्ठ विच मिति २०७७/११/११ मा भएको ठुलो सामुदायिक भवन(शैलुङ कम्युनिटि लज) को सम्झौता गर्दा सबैभन्दा बढि भाडा कबोल गर्ने बोलपत्र दाता सँग सम्झौता गर्नु पर्नेमा सो भन्दा कम भाडा कबोल गर्ने निज मान कुमारी श्रेष्ठ सँग गरिएको सम्झौता प्रचलित आर्थिक ऐन तथा नियमावलि तथा राजाश्व सम्बन्धी कानून बमोजिम प्रतिकुल देखिएको हुँदा निज मानकुमारी श्रेष्ठ सँग गरेको सम्झौता रद्द गरी निजले गाउँपालिकाको धरौटी खातामा राखिएको ६ महिनाको धरौटी रकम फिर्ता गर्न पैतिस दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र पर्यटन विकास आयोजना सँग मिति २०८२/०५/३० गते भएको सम्झौता बमोजिम आए ठेक्का आह्वान गर्ने

प्रस्ताव नं. १३ माथि छलफल गर्दा शैलुङ अस्पताल, शैलुङ-३ मा थप जिम्मेवारी लिई सामाजिक परिचालक पदमा करार सेवामा कार्यरत कर्मचारी श्री निर्मला अधिकारी ढुङ्गेललाई क्यान्सर रोगबाट ग्रसित भइ उपचार गर्न काठमाण्डौं जानु पर्ने भएको हुँदा निजको उपचार अवधिको विदामा सौलियत दिने ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा शैलुङ गाउँपालिका वडा नं. ३ स्थित बोत्लेमा निर्माण सम्पन्न भएको शैलुङ कोल्ड स्टोर सञ्चालनको लागि वार्षिक न्युनतम कबोल अंक रू ६ लाख राखि आय ठेक्काको लागि विद्दुतीय माध्यमबाट आह्वान गरिएकोमा निर्धारित अवधि सम्ममा कुनै पनि व्यक्ति तथा संस्थाले ठेक्का नहालेको हुँदा सो कोल्ड स्टोर सञ्चालनको लागि पहिलो चरणमा सिन्धुपाल्चोक जिल्लाको निगालेमा रहेको आलु विकास केन्द्रसँग साझेदारी गरी सञ्चालनको लागि आवश्यक पहल गर्ने र सो कार्यालय सँग सहकार्य गरी सञ्चालन गर्न नसकिने अवस्थामा सो कोल्ड स्टोर सञ्चालनको लागि न्युनतम कबोल अंक रू ३,००,०००/-(तिन लाख मात्र) राखि आय ठेक्का आह्वान गर्ने ।

प्रस्ताव नं. १५ (क) माथि छलफल गर्दा बागमति प्रदेश सरकार, सामाजिक विकास कार्यालय, काभ्रेपलाञ्चोकबाट यस गाउँपालिका अन्तर्गत स्वीकृत तपसिल बमोजिमका योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक जग्गामा गर्दा कुनै विवाद उत्पन्न नहुने हुँदा कार्यान्वयन प्रक्रीय अगाडि बढाउनको लागि सिफारिस गर्ने ।

तपसिल

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | बाघखोर कभर्डहल निर्माण | शैलुङ-३ | |
| २ | कभर्डहल निर्माण | शैलुङ-३, नागी | |
| ३ | गोठपानी खेल मैदान स्तरोन्नती | शैलुङ-६ | |
| ४ | किरातेश्वर नादनखर्क पर्यटकिय पूर्वाधार निर्माण | शैलुङ-३ | |

प्रस्ताव नं. १५(ख) माथि छलफल गर्दा शैलुङ गाउँपालिका वडा नं. ८ मा सञ्चालित श्री एकिकृत शैलुङ साना किसान कृषि सहकारी संस्था लि.को अध्यक्ष (श्री बद्रि कार्कि) र श्री फलाम पोखरी कृषि सहकारी संस्था लि.को अध्यक्ष (श्री केशव खड्का)ले सहकारी संस्था एकिपकरण स्वीकृत गरी पाउ भनि मिति २०८२/०२/०५ गते संयुक्त निवेदन पेश भएकोमा यस कार्यालयले मिति २०८२/०३/१६ को सूचना नं. २०७ मा सहकारी संस्थाको एकिकरण प्रस्तावमा सरोकार, गुनासो वा उजुरीको लागि निवेदन आह्वान गरेकोमा तोकिएको समय अवधि भित्र कुनैपनि आवेदन नपरेको हुनाले सहकारी एकिकरण स्वीकृत गर्ने सन्दर्भमा शैलुङ गाउँपालिकाको सहकारी ऐन, २०७४ कोन दफा ६५ को उपदफा १ र प्रदेश सहकारी नियमावली २०७६ को दफा २१ बमोजिम पेश भएका कागजात हेर्दा सहकारी संस्था एकिकरणको लागि आवश्यक प्रक्रिया पुरा गरिएकोले शैलुङ गाउँपालिका भित्र सिमित रहनेगरी कृषि वचत तथा ऋण कारोबार गर्ने गरी श्री एकिकृत शैलुङ साना किसान कृषि सहकारी संस्था लि. र श्री फलाम पोखरी कृषि सहकारी संस्था लि.लाई एकिकरण गरी श्री एकिकृत शैलुङ साना किसान कृषि सहकारी संस्था लि., शैलुङ-८ दोलखाको नाममा प्रमाणपत्र दिन शैलुङ गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा ६६ बमोजिम एकिकृत गर्ने ।

प्रस्ताव नं. १५ (ग) माथि छलफल गर्दा खकाले फस्कु ट्रष्ट पुल मर्मतको लागि सम्बन्धित वडा अध्यक्ष सहित स्थलगत अनुगमन गरी मर्मत गर्नको लागि आगामि बैठकमा निर्णय गर्ने ।

प्रस्ताव नं. १५ (घ) माथि छलफल गर्दा शैलुङ गाउँपालिकामा आ.व. २०८०/८१ मा ५ वटा झोलुङ्गे पुल निर्माण सञ्चालन भएका थिए उक्त पुल निर्माण कार्यमा प्राविधिक तथा सामाजिक परिचालन एवं संगठनात्मक कार्य गर्न यस गाउँपालिका र एकिकृत सामुदायिक विकास प्रतिष्ठान नेपाल दोलखा बिच कार्य प्रत्यायोजन सम्झौता भई डि.पि.आर. तयार गर्ने कार्य भएको हुँदा कार्य प्रत्यायोजन सम्झौता बमोजिम झोलङ्गे पुलहरुको प्राविधिक तथा सामाजिक परिचालन एवं संगठनात्मक कार्य गरे वापत गैर सरकारी संस्थाले पाउने ६ प्रतिशत सेवा शुल्क वापतको रकम मध्येबाट कार्य प्रत्यायोजन सम्झौताको बुँदा नं. ३ मा उल्लेख भए अनुसार डि.पि.आर तयार गरे वापतको पहिलो किस्ता रु ४०११०४।५० (३० प्रतिशत) रकम भुक्तानी गरिएको र क्रमागत झोलुङ्गे पुल योजना अन्तर्गत आ.व. २०८०/८१, आ.व. २०८१/८२ र आ.व. २०८२/८३ मा समेत झो.पु. शिर्षकमा बजेट विनियोजन भई निर्माण कार्य सम्पन्न भएका तथा बजेट अभावका कारण गैर सरकारी संस्थालाइ सेवा शुल्क दोश्रो किस्ता वापतको रु ३५७७०८/५८ रकम आ.व. २०८१/८२ सम्म भुक्तानी भएको र तेश्रो किस्ता वापतको रु ४३४१५५/०० रकम भुक्तानी गर्न बाँकी रहेको गरि गै.स.स.को सेवा शुल्क कुल रकम रु ११९२९६७/९७ , खर्च उपशिर्षक नं. ३११५१, खकाले फस्कु, सिक्री घट्टे खोला, दोर्बो खोला झो.पु, पानी खानेखोला ट्रस पुल, ठूलो सोतीखोला झो.पु. शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने ।

प्रस्ताव नं. १५ (ङ) माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालयको मिति २०८२/१२/२३ गतेको पत्रानुसार सार्वजनिक जग्गामा निर्माण गरिएका संरचना हटाउने सम्बन्धमा सम्बन्धित वडा कार्यालयहरुमा पत्राचार गर्ने ।

प्रस्ताव नं. १५ (च) माथि छलफल गर्दा मिति २०८२ साल फागुन २१ गते भएको प्रतिनिधि सभा निर्वाचन सफल बनाउनको लागि निर्वाचन आयोगको पत्रानुसार निर्वाचन केन्द्र सम्म जाने सडक सरसफाई गर्नु भनि निर्देशन प्राप्त भइ वडा नं. २ देखि वडा नं. १ जोड्ने सडक मर्मत गर्दा प्राविधिक लागत अनुमान अनुसार खर्च भएको रू ३,४८,०००/- (तिन लाख अड्चालिस हजार मात्र) खर्च उपशिर्षक नं.३११५१, सडक सरसफाई तथा मर्मत, गाउँपालिका शिर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने ।

प्रस्ताव नं. १५(छ) माथि छलफल गर्दा शैलुङ गाउँपालिकाका बिभिन्न वडाहरुबाट आर्थिक सहायताको लागि निवेदन पेश भएकोमा तपसिल बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको खर्च उपशिर्षक नं. २१२१९, विपद् तथा आकष्मिक कोष व्यवस्थापन शिर्षकमा विनियोजित रकमबाट आर्थिक सहायता प्रदान गर्ने ।

तपसिल

| सि.नं. | नाम थर | ठेगाना | आर्थिक सहायता रू | आर्थिक सहायता गर्नु पर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|
| १ | औतार बस्नेत | शैलुङ-७ | १,००,०००/- | टाउकोको अपरेशन | |
| २ | ठक्कर बहादुर सेतिसुरेल | शैलुङ-४ | १,००,०००/- | टाउकोको अपरेशन | |

प्रस्ताव नं. १५(ज) माथि छलफल गर्दा गाउँपालिकामा रहेका तपसिल बमोजिमका सवारीसाधनहरु लागत अनुमान अनुसार मर्मत गरी खर्च उपशीर्षक नं. २२२१३, सवारी साधन मर्मत खर्च शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने ।

तपसिल

| सि.नं. | सवारीसाधन नं. | सवारी प्रकार | सवारीचालकको नाम | अनुमानित लागत रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | बागामति प्रदेश ०२-००१ ब ४६०७ | मोटरसाइकल | विष्णु बहादुर कार्की | १९,५२५/- | |
| २ | बा २ ब ९५६५ | मोटरसाइकल | दुर्गानन्द मण्डल | ३७,०२०/- | |
| ३ | बागामति प्रदेश ०२-००१ ब ५८४९ | मोटरसाइकल | विर बहादुर घतानी | १८,७००/- | |
| ४ | बागामति प्रदेश ०२-००१ ब ६८५४ | मोटरसाइकल | दिपक बस्नेत | २१,३८६/- | |
| ५ | बा.प्र. ०१-००२ झ ६९०९ | गाडि | रमेश श्रेष्ठ | १,२९,२४०/- | |
| ६ | बा.प्र. ०१-००२ झ ६९०९ | एम्बुलेन्स | सुनिल श्रेष्ठ | ५१,३७०/- | |

प्रस्ताव नं. १५(झ) माथि छलफल गर्दा शैलुङ गाउँपालिका भित्रको जग्गाहरुको कित्ता अनुसारको जग्गा वर्गिकरण कार्य खर्च उपशिर्षक नं. २२४११, सेवा तथा परामर्श खर्च शिर्षकमा विनियोजित रकमबाट रू ६,००,०००/- विनियोजन गरी कार्य अगाडि बढाउने ।